# स्थानीय राजपत्र

## हुप्सेकोट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ५ संख्याः ११ मितिः २०७८/०७/०५

# भाग - २

## हुप्सेकोट गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय,
## झ्यालबास, नवलपरासी (व.सु.पूर्व)

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि कार्यविधि,२०७८

हुप्सेकोट गाउँपालिका

# अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि कार्यविधि,२०७८

**प्रस्तावनाः**

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउनको लागि आधारभूत तह सम्म अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न वाञ्छनिय भएकाले नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा हुप्सेकोट गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७५ बमोजिम हुप्सेकोट गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि-२०७८" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपश्चात हुप्सेकोट गाउँपालिका भरी लागु हुने छ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अनिवार्य शिक्षा" भन्नाले नेपाल सरकारद्वारा तोकिएको उमेर समुहका बालबालिकाहरुलाई विद्यालय वा अन्य वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पुरा गर्ने बाध्यकारी व्यवस्थालाई सम्झनुपर्दछ ।

(ख) "आधारभूत तह" भन्नाले कक्षा बालविकास देखि कक्षा आठसम्म दिइने शिक्षालाई सम्झनुपर्दछ ।

(ग) "विद्यालय नक्साङ्कन समिति" भन्नाले यस कार्यविधि अनुसार गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(घ) "विद्यालय सर्वेक्षण समिति" भन्नाले विद्यालयहरुमा कक्षा, तह, विषय र विद्यार्थी अनुसार कति शिक्षक तथा कर्मचारी आवश्यक पर्दछ भनी सर्वेक्षण गर्नको लागि यसै कार्यविधि अनुसार गठित समितिलाई सम्झनुपर्दछ ।

(ङ) ''ऐन'' भन्नाले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लाई सम्झनु पर्दछ । साथै शिक्षा ऐन २०२८ लाई समेत सम्झनु पर्दछ ।

(च) ''स्थानीय शिक्षा ऐन'' भन्नाले हुप्सेकोट गाउँपालिकाको स्थानीय शिक्षा ऐन-२०७५ लाई सम्झनु पर्दछ ।

(छ) ''स्थानीय शिक्षा नियमावली'' भन्नाले हुप्सेकोट गाउँपालिकाको स्थानीय शिक्षा नियमावली, २०७६ लाई सम्झनु पर्दछ ।

(ज) ''निःशुल्क शिक्षा'' भन्नाले विद्यालयले विद्यार्थीका अभिभावकबाट कुनैपनि शीर्षकमा कुनै शुल्क असुल नगरी दिइने शिक्षालाई सम्झनु पर्दछ ।

(झ) ''माध्यमिक शिक्षा'' भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षालाई सम्झनुपर्दछ ।

(ञ) ''स्थानीय तह'' भन्नाले गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्दछ । सो शब्दले उपमहानगर वा महानगरपालिका समेतलाई जनाउँदछ ।

## परिच्छेद-२
## अनिवार्य तथा निःशुल्क शिक्षा

**३. अनिवार्य शिक्षाः** (१) यो कार्यविधि लागू भएपछि स्थानीय सरकारले चारवर्ष पूरा भइ तेह्र वर्ष पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभुत तह सम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनेछ ।

(२) उपदफा (१) मा उल्लेखित शिक्षाका अतिरिक्त चारवर्षको उमेर पूरा भएपछि कम्तीमा एकवर्षको प्रारम्भिक बालविकास शिक्षा प्रदान गरिनेछ ।

**४. बालबालिकालाई अनिवार्य विद्यालय पठाउनुपर्नेः** (१) प्रत्येक बालबालिका अभिभावकले निजको उमेर अनुसारको कक्षामा निजलाई पायक पर्ने विद्यालयमा भर्ना गराउनु पर्नेछ ।

(२) विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालयमा भर्ना नगराउने वा भर्ना भएपछि पनि आधारभूत तहसम्मको शिक्षा पूरा नगरी बालबालिकालाई विद्यालयबाट छुटाउने अभिभावकलाई स्थानीय तहबाट प्रदान गरिने सिफारिस प्रदान गर्नबाट बञ्चित गर्न सकिनेछ ।

(३) दफा ४ को उपदफा (१) र (२) मा जे लेखेतापनि कुनै अभिभावकले वा विद्यार्थीले रोजेको विद्यालयमा भर्ना भई शिक्षा प्राप्त गर्न रोक लगाउन पाइने छैन ।

**५. बैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिनेः** (१) कुनै कारणले विद्यालयमा भर्ना भए पूरा समय अध्ययन गरे आधारभूत तहको शिक्षा प्राप्त गर्न नसकेका बालबालिकाहरुलाई स्थानीय तहले आधारभूत तहसम्म वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि बालबालिकाले बीचमै छाडेको कक्षा र निजको मध्यनजर राखी आधारभूत तहको वैकल्पिक शिक्षालाई तीन तहमा स्तरिकरण गरी संचालन गरिनेछ ।

(क) तह एकः एक कक्षादेखि तीन कक्षासम्म

(ख) तह दुइः चार कक्षा देखि पाँच कक्षासम्म

(ग) तह तीनः छ कक्षादेखि आठ कक्षासम्म

(३) उपदफा २ बमोजिम वैकल्पिक शिक्षाको कार्यक्रम पूरा गरेका बालबालिकालाई त्यस्तो कार्यक्रम पूरा गरेको तहको आधारमा सोभन्दा माथिल्लो तहमा विद्यालयहरुले भर्ना गर्नुपर्नेछ ।

**६. अनौपचारिक तथा खुल्ला शिक्षाः** माध्यमिक शिक्षाको अवसरबाट वञ्चित बालबालिकालाई लक्षित गरि स्थानीय तहले कक्षा ९देखि १२सम्म माध्यमिक शिक्षा अनौपचारिक खुला विद्यालयबाट पनि दिन सक्नेछ ।

**७. अनौपचारिक वा खुला विद्यालय सञ्चालन प्रक्रियाः** (१) कुनै पनि व्यक्ति संस्था वा विद्यालयले अनौपचारिक वा खुला विद्यालय संचालन गर्नको लागि तोकेको ढाँचामा मंसिर महिनाभित्र गाउँपालिकामा निवेदन दिनु पर्ने छ ।

(२) दफा ७ को (१) बमोजिम परेका निवेदन अनुसार गाउँपालिका शिक्षा, यूवातथा खेलकुद शाखाबाट खटिएका कर्मचारीहरुले तपसिल बमोजिमका शर्तहरु पूरा भएनभएको निरीक्षण गरी अनौपचारिक वा खुला विद्यालय सञ्चालन गर्न उपयुक्त भएनभएको सिफारिस गाउँ शिक्षा समितिमा गर्नेछ । उक्त समितिको सिफारिसलाई मध्यनजर राखी गाउँ शिक्षा समितिले खुल्ला वा अनौपचारिक विद्यालय स्थापनाको अनुमति चैत्र मसान्तभित्र दिनेछ ।

(३) खुल्ला वा अनौपचारिक विद्यालय सञ्चालनको अनुमति दिँदा विद्यालयले पालना गर्नुपर्ने शर्तहरुः

क) विद्यालयको आफ्नो भवन भए भवन तथा जग्गा कागजपत्रहरु

ख) विद्यालयको आफ्नो भवन नभए कम्तिमा पाँच वर्ष घरधनी वा जग्गाधनीसँग गरेको घरभाडा वा जग्गाभाडा सम्बन्धीसम्झौता पत्र

ग) उपयुक्त आकारका कक्षाकोठा

घ) आवश्यक पर्नेछ

ङ) पुस्तकालय

च) विज्ञान प्रयोगशाला

छ) विविध

(४) दफा छ बमोजिम सञ्चालन गरिने अनौपचारिक वा खुला शिक्षा विद्यालय शिक्षा कार्यक्रमहरु देहायबमोजिम संचालन हुनेछन् ।

(क) कक्षा ८ सरहको शिक्षा पुरा गरी दुई बर्षको अवधि व्यतित गरेका व्यक्तिलाई लक्षित गरी कक्षा १० सरहको एक वर्षे कार्यक्रम,

(ख) कक्षा१० सरहको शिक्षा पूरा गरी दुई बर्षको अवधि व्यतित गरेका व्यक्तिलाई लक्षित गरी कक्षा १२ सरहको एकवर्षे कार्यक्रम,

(५) दफा ७ बमोजिम को निवेदन दिँदा दफा ७ को उपदफा ४ (क) वा (ख) बमोजिमको एउटा कार्यक्रम वा दुइवटा कार्यक्रम सञ्चालन गर्ने हो स्पष्ट खुलाई निवेदन दिनुपर्ने छ ।

**८. माध्यमिक तहसम्म शिक्षामा शुल्क लिन नहुनेः** बिद्यालयले माध्यमिक तहसम्मको शिक्षामा देखाएका कुनैपनि शीर्षकमा शुल्क लिन पाइने छैन-

(क) विद्यार्थी भर्ना शुल्क

(ख) मासिक पढाई शुल्क

(ग) पाठ्यपुस्तक बापतको शुल्क

**९. आधारभूत तहसम्म पूर्णतः निःशुल्कः** आधारभूत तहसम्म शिक्षा पूर्णतः निःशुल्क हुनेछ । विद्यालयले मासिक, त्रैमासिक वा वार्षिक रुपमा अभिभावक सहयोग उठाउन पाउने छैन । कुनै अभिभावकले स्वेच्छाले विद्यालयको शैक्षिक, भौतिक, पुस्तकालय, विज्ञान प्रयोगशाला निर्माण आदि प्रयोजनका लागि जग्गा वा नगद रकम प्रदान गर्न सक्ने छ ।

**१०. विद्यालय नक्साङ्कन तथा सर्वेक्षण समिति गठनः**

(१) अनिवार्य तथा निशुल्क शिक्षा लाई पूर्णतः कार्यान्वयन गर्न गाउँ शिक्षा समितिले देहायबमोजिमको विद्यालय सर्वेक्षण तथा नक्साङ्कन समिति गठन गर्नेछ ।

संयोजकः शिक्षा अधिकृत

सदस्यः स्रोतशिक्षक

सदस्यः शिक्षक महासङ्घ प्रतिनिधिएक जना

शिक्षा समितिबाट मनोनित दुई जना

(२) दफा १० (१) बमोजिम गठित समितिले गाउँपालिकाका सबै वडाका सबै टोलमा पुगी सबै बालबालिकालाई विद्यालयको सहज पहुँच पुर्याउन कुन-कुन वडाको कुन ठाउँमा कुन-कुन तहको विद्यालय आवश्यक पर्दछ भनि नक्साङ्कन गर्नेछ ।

(३) हाल सञ्चालित सामुदायिक विद्यालयहरुमा सञ्चालित कक्षा, शिक्षक दरबन्दी, नेपाली तथा अंग्रेजी माध्यममा अध्यापन गर्न आवश्यक शिक्षक संख्या, हाल विद्यालयमा कार्यरत विद्यालयको आन्तरिक स्रोतबाट तलबभत्ता खाने गरी नियुक्त शिक्षकको विवरण, खाइपाई आएको तलब भत्ता आदि समेटी विद्यालयको सर्वेक्षण गरी उक्त सिफारिस गाउँ शिक्षा समितिमा पेश गर्ने |

(४) गाउँ शिक्षा समितिलेविद्यालयको आवश्यकता तथा औचित्यको आधारमा विद्यालयहरुलाई अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको लागि अनुदान दिन गाउँकार्यपालिकामा सिफारिस गर्नेछ ।

**११. आवासीय विद्यालय सञ्चालनः** स्थानीय तहले बालबालिकालाई गुणस्तरीय शिक्षाको व्यवस्था मिलाउन आवासीय सुविधासहितको अध्यापन को व्यवस्था मिलाई विद्यालय सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद ३
## विविध

**१२.अभिभावक विहिन बालबालिकाको शिक्षाः** स्थानीय तहको भौगोलिक क्षेत्रभित्र अभिभावक विहीन बालबालिका भएमा उक्त बालबालिकालाई शिक्षा प्रदान गर्ने जिम्मेवारी सम्बन्धित वडा समितिको हुनेछ ।

**१३. नमुना विशिष्टिकृत तथा घुम्ती विद्यालय संचालनः** स्थानीय तहले बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न नमुना विद्यालय, कुनै विशेष क्षेत्रमा आधारित विशिष्टिकृत विद्यालय, घुम्ती विद्यालय स्थापना गरी सञ्चालन गर्न सक्नेछ ।

**१४. खारेजी र बचाउः** (१)यस कार्यविधिमा उल्लेखित कुराहरु नेपालको संविधान, संघीय कानून, प्रदेश कानून, स्थानीय शिक्षा ऐन वा अन्य कुनै कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(२) यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

**प्रमाणिकारण मितिः २०७८/०६/२५**
**प्रकाशित मितिः २०७८/०७/०५**

**आज्ञाले**
**पवन अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**

दुम्सिकोट गाउँपालिका